# दक्षिणकाली नगरपालिका
दक्षिणकाली नगरपालिका

# नगर राजपत्र

**खण्डः ०२** **संख्याः १३** **मितिः भदौ २४ गते, २०७५**

## भाग-२

## दक्षिणकाली नगरपालिका

**““यात्रु रज्जुमार्ग सञ्चालन अनुमतिपत्र सम्वन्धी कार्यविधि, २०७५””**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (छ) को १२ मा नविन पर्यटकीय सेवा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने भनि दिएको अधिकार प्रयोग गरी दक्षिणकाली नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

**सक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम **“यात्रु रज्जुमार्ग सञ्चालन अनुमतिपत्र सम्वन्धी कार्यविधि, २०७५”** रहेको छ ।

१. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. **“आयोजना”** भन्नाले यात्रु रज्जुमार्ग आयोजना सम्झनुपर्छ ।

२. **“कम्पनी”** भन्नाले कम्पनी ऐन २०६३ बमोजिम संस्थापित कम्पनी सम्झनुपर्छ ।

३. **“धनी”** भन्नाले संचालनमा रहिरहेको वा सम्पूर्ण प्रक्रिया पुरा गरेर संचालन गर्न तयारी अवस्थामा रहेको रज्जुमार्ग धनी सम्झनुपर्छ ।

४. **“निर्माता”** भन्नाले रज्जुमार्ग निर्माता कम्पनी सम्झनुपर्छ ।

५. **“निर्माण अनुमतिपत्र”** भन्नाले रज्जुमार्ग निर्माण गर्ने अधिकार प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ ।

६. **“प्रबर्द्धक”** भन्नाले रज्जुमार्ग सर्बेक्षण अनुमतिपत्र प्राप्त गर्न प्रस्ताब पेश गर्ने कम्पनी सम्झनुपर्छ ।

७. **“नगरपालिका”** भन्नाले दक्षिणकाली नगरपालिका सम्झनुपर्छ ।

८. **“प्रमुख”** भन्नाले दक्षिणकाली नगरपालिको नगर प्रमुख सम्झनुपर्छ ।

९. **“संचालन अनुमतिपत्र”** भन्नाले रज्जुमार्ग संचालन गर्ने अधिकार प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ र

१०. **“संरचना”** भन्नाले साइटमा रहने (on-site) सिभिल निर्माण (Civil Construction), मेसिन उप-प्रणालीहरु (Subsystems) र सुरक्षा पार्टपुर्जाहरु (Safety components) सम्झनुपर्छ ।

११. यात्रु रज्जुमार्ग अंग्रेजीमा Ropeway/Cable Car भन्नाले पर्यटकीय महत्वको उद्देश्यले मान्छेलाई एक ठाउं गन्तब्यबाट अर्को गन्तब्य सम्म पुर्‍याउने रज्जु मार्गलाई सम्झनु पर्छ ।

साथै थप प्राविधिक शब्दहरुको परिभाषा अनुसूची १ मा दिईएको छ ।

## खण्ड १
## यात्रु रज्जुमार्ग
## परिच्छेद १
## साधारण प्राबधान

**कार्यक्षेत्राधिकारः** १. यस कार्यविधिको खण्ड १ यात्रु रज्जुमार्गको निर्माण र संचालन अनुमतिपत्र प्रदान गर्नाका साथै तिनीहरुको नवीकरण, रोक्का, खारेजी एवं अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया र सो संग जोडिएको निर्णय प्रक्रिया संग सम्बन्धित छ ।

२. यस कार्यविधिको खण्ड १ मा निम्नप्रकारका साधनहरु पर्दछन्:

(क) केवलकारहरु जस्मा यात्रु बस्ने बक्सा (Passenger Cabin/Gondola) जमिन भन्दा माथि एक वा एक भन्दा बढी तारको सहायताले स्टेशनहरु बिच संचालन गरिन्छ । साथै केवलकार भन्नाले Chairlift पनि पर्दछन् ।

(ख) Funicular Railways र अन्य रज्जुमार्ग जस्मा पांग्रा वा अन्य suspension प्रणाली भएका साधनहरु एक वा एक भन्दा बढी तारको सहायताले स्टेशनहरु बिच संचालन गरिन्छ ।

(ग) Zip-line एक प्रकारको साहासिक खेल संग सम्बन्धित रज्जुमार्ग हो, जस्मा प्रयोगकर्तालाई दिईएको तारमा घिर्नी गुडन मिल्ने साधनमा बसेर प्रयोगकर्ता गुरुत्वाकर्षणको सहायताले अग्लोस्थानमा रहेको स्टेशनबाट तारमा होचोस्थानमा रहेकोको स्टेशनमा पुग्दछ ।

(घ) Urban केवलकार अर्थात् शहरी क्षेत्रमा प्रयोग गरिने केवलकारः हालका दिनहरुमा urban केवलकारहरुको महत्वको कारण विश्वका विभिन्न शहर हरुमा यस्को निर्माण कार्य भैरहेको छ । यसै सन्दर्भमा अध्ययन र विश्लेषण पश्च्यात urban केवलकारसंग सम्बन्धित बिशेष प्राबधानहरु थप गरिनेछ ।

३. प्राबिधिक सुरक्षा मापदण्ड र अन्य आबश्यकताहरुः

१. केवलकार र Funicular Railway उत्पादन, निर्माण र संचालन गर्न आवश्यक संरचनामा प्रयोग हुने मेसिन उप-संरचनाहरु (Subsystem) र सुरक्षा पार्टपुर्जाहरु (Safety Components) European safety and standard

codes CEN jf equivalent international standard बमोजिमको हुनु पर्नेछ र साथै Civil निर्माणको हकमा नेपाली सुरक्षा नर्मस र मापदण्डहरु (Codes and Standards) र दक्षिणकाली नगरपालिकाले तोकेको नर्मस र मापदण्ड बमोजिमको समेत हुन सक्नेछ ।

२. केबलकार सम्वन्धमा ISO Certified Company ले सिफारिस गरेको वा American, Canadian Standard, European Standard (CEN), Japnese Standard वा सो सरहका कम्पनीले सुरक्षाको दृष्टिकोणले ठीक छ भनी सिफारिस गरेको सिफारिस पत्र हुनुपर्नेछ ।

३. केबलकार सञ्चालन भईसकेपछि नवीकरणको लागि अन्तराष्ट्रिय रुपमा मान्यता प्राप्त संस्थामा अध्ययन वा तालिम लिएको ब्यक्ति वा संस्थाले गरेको सुरक्षा सम्वधि सिफारिसलाई पनि यसै कार्यविधिको दफा ४ को उपदफा २ मा उल्लेख भएको सिफारिस भए सरह मान्यता दिईने छ ।

४. आवश्यक अनुमतिपत्रहरुः

१. कम्पनी ऐन २०६३ बमोजिम संस्थापित कम्पनी हुनुपर्ने छ ।

२. औद्योगिक व्यवसायिक ऐन २०४९ ले व्यवस्था गरे बमोजिम उद्योग विभागबाट अनुमति पत्र लिएको हुनुपर्ने छ ।

३. प्रबर्द्धकले यात्रु रज्जुमार्गको निर्माण पूर्व निर्माण अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

४. यात्रु रज्जुमार्ग संचालन पूर्व संचालन अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेछ ।

५. यस कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि संचालन अनुमति प्राप्त गरेको कम्पनीको हकमा निर्माण अनुमतिपत्रको आवश्यक्ता हुने छैन र सोही स्थानमा अर्को कम्पनीलाई अनुमति दिईने छैन । तर तोकिएको समय सिमा भित्र कार्य सम्पन्न नभएको खण्डमा कार्य समाप्त गर्न दक्षिणकाली नगरपालिकाका प्रमुखले पत्राचार गरी ताकेता गर्न सक्नेछ ।

## परिच्छेद २

## निर्माण अनुमतिपत्रको दर्खास्त, आवश्यक कागजपत्र र जारी गर्ने प्रक्रिया

**निर्माण अनुमतिपत्रः**

(१) निर्माण अनुमतिपत्रको लागि दरखास्तः

सम्भाव्यता अध्ययन प्रतिबेदन (Feasibility Study Report) संलग्न गरी अनुसूची २ बमोजिमको ढाँचामा दक्षिणकाली नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

(क) आयोज़ना स्थलको १:२,००० मापको स्थलरूप नापी नक्साहरुमा (Topographical Map) टावरहरु, drive / return स्टेशनहरु र route alignment का साथै यात्रु रज्जुमार्गको Ground Profile र नक्साहरु (Drawings) पेश हुनु पर्नेछ ।

(ख) रज्जुमार्गको मुख्य संरचनाहरु जस्तै drive र return स्टेशनहररू र टावरहरु रहने स्थानहरुको geological आवश्यक भए geotechnical investigation अध्ययन गर्नु पर्दछ। साथै seismological, meteorological / wind सम्बन्धी अध्ययन गर्नु पर्नेछ ।

(ग) आयोज़ना स्थलको भू-बनोटको आधारमा तयार गर्न सकिने design options र छनोट गरिएको best option पेश गर्नु पर्नेछ ।

(घ) आयोज़नाको सिभिल निर्माण (Civil Construction), मेसिन उप-प्रणालीहरु (Subsystems) र सुरक्षा पार्टपुर्जाहरुको (Safety Components) detail cost breakdown र लगत estimate पेश गर्नु पर्नेछ ।

(ङ) प्रबर्द्धकले पेश गरेको Financial Analysis Report df Net Present Value (NPV), Financial Internal Rate of Return (FIRR), Payback Period, Benefit/cost Ratio आदि Financial Indicators का साथै Profit and Loss Account, Balance Sheet / Cash Flow आदि Financial Statements पेश गर्नु पर्नेछ ।

(च) कम्पनीले लगानिको आधारमा देशभित्र अन्य केवलकारहरूले तोकेको भाडादरलाई आधार बनाई टिकट भाडादर तोक्न सक्नेछ ।

(२) आवश्यक सिफारिस, समझदारी र सहमतिपत्रहरुः-

(क) यात्रु रज्जुमार्ग आयोजना निर्माण स्थलमा धार्मिक वा पर्यटक विकास समिति भए सो को सिफारिस पत्र,

(ख) यात्रु रज्जुमार्ग संचालन गर्ने कम्पनीले आवश्यक पर्ने जमिन कम्पनीको नाममा किनेको हुनुपर्नेछ वा लिज आदिमा प्राप्त गर्ने भए सोको सम्झौता र सो को प्रमाण पनि पेश गर्नुपर्ने छ ।

(३) अन्य आबश्यक प्रतिबेदन र कागजातहरुः-

(क) "वातावरण संरक्षण ऐन, २०५३" र "वातावरण संरक्षण नियमवाली, २०५४" बमोजिमको वातावरणीय प्रभाब मुल्यांकन प्रतिबेदन (Environmental Impact Assessment Report); र प्रारम्भिक वातावरण परिक्षण (आई.ई.ई.) गराउनु पर्ने छ । तर रज्जुमार्गको लम्वाई ५ कि.मि. वा सो भन्दा कम भएमा प्रारम्भिक वातावरण परिक्षण (आई.ई.ई.) र सो भन्दा बढी लम्वाई भएमात्र वातावरणीय प्रभाब मुल्यांकन प्रतिबेदन (Environmental Impact Assessment Report) आवश्यक पर्नेछ ।

(ख) वातावरण प्रतिबेदन प्रचलित नेपाल सरकारको ऐन, नियम परिधि भित्र रही दक्षिणकाली नगरपालिकाले नै स्वीकृति गर्न सक्नेछ ।

(ग) वन क्षेत्र प्रयोग गर्नु पर्ने अवस्था भए सम्बन्धित निकायको अनुमतिपत्र ।

(४) निर्माण अनुमतिपत्र जारी गर्ने सम्बन्धी व्यवस्थाः

(क) पेश भएका सम्पूर्ण कागजात र विवरण पुरा र ठीक भएमा दक्षिणकाली नगरपालिकाले नियमानुसार अनुमतिपत्र प्रदान गर्नेछ ।

(ख) निर्माण अनुमति पत्र जारी गदा दक्षिणकाली नगरपालिकामा रितपुर्वक दर्ता भएका यात्रु रज्जुमार्ग संचालन गर्न पाउँ भनि दिएका दर्खास्त मध्ये निर्माण तथा सञ्चालन अनुमति दिने कमिटीले कार्यविधिमा तोकिएको मापदण्ड बमोजिम निर्माण अनुमति पत्र जारी गर्ने छ ।

(ग) यात्रु रज्जुमार्ग निर्माण अनुमति जारी गर्नको लागि निम्न अनुसारको सदस्य भएको समिति हुनेछ ।

| | |
|---|---|
| दक्षिणकाली नगरपालिकाको नगर प्रमुख | - अध्यक्ष |
| केवलकार सञ्चालन हुने वडाको अध्यक्षहरू | - सदस्य |
| केवलकार सम्वन्धि जानकारी भएका बिज्ञहरू मध्ये नगरप्रमुखले मनोनित गरेको (दुई जना) | - सदस्य |
| क्षेत्र विकास समितिहरू भएको खण्डमा सो समितिको प्रतिनिधि एक जना | - सदस्य |
| वातावरण मन्त्रालयका प्रतिनिधि वा विज्ञ एकजना | - सदस्य |
| सम्वन्धित दक्षिणकाली नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत एक जना | - सदस्य सचिव |

(घ) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगाडि यात्रु रज्जुमार्ग निर्माण तथा सञ्चालन स्विकृति पाईसकेका कम्पनीहरूको हकमा माथि उल्लेखित (ख) र (ग) को प्रावधान लागु हुने छैन । त्यस्ता कम्पनीहरूलाई अनुमति पत्र तुरुन्त प्रदान गरीने छ ।

(५) निर्माण अनुमतिपत्रको म्याद:

(६) निर्माण अनुमतिपत्रको म्याद र दक्षिणकाली नगरपालिकाले तोके अनुसार हुनेछ । तोकिएको अवधि भित्र निर्माण सम्पन्न  नभएमा उचित कारण खुलाई म्याद थपको लागि निवेदन दिन सक्ने छ । यदि कारण उचित ठहरेमा दक्षिणकाली नगरपालिकाले तोके अनुसार म्याद थप एक पटक गर्न सक्ने छ । थप म्याद भित्र समेत निर्माण सम्पन्न नगरेमा स्वत: अनुमतिपत्र खारेज हुनेछ ।

अनुमतिपत्र पाएको ६ महिना सम्ममा पनि निर्माण शुरू नगरेमा अनुमतिपत्र स्वत: खारेज हुनेछ ।

निर्माण अनुमतिपत्र दिई सके पश्चात् सोही ठाउंमा अन्य प्रस्तावकहरूलाई दक्षिणकाली नगरपालिकाले अनुमतिपत्र दिइने छैन । अनुमतिपत्र खारेज भएको अवस्थामा ईच्छुक अन्य प्रस्तावकलाई अनुमतिपत्र नियमानुसार दिन सकिनेछ ।

(७) यात्रु रज्जुमार्ग निर्माण अनुमति प्राप्त भए पश्चात र संचालन पूर्व बुझाउनु पर्ने कागजातहरुः

(क) यात्रु रज्जुमार्ग निर्माण पूर्व निर्माता कम्पनीले पेश गरेको Detail Design Report, नगरपालिकाले स्वीकृत गर्नु पर्नेछ र report मा देहायका विवरण हुनु पर्नेछः

(ख) Structural design

(१) Material design (steel, alloy, composite);

(२) Structural static calculation / drawings;

(३) Bolting calculation / design details;

(४) अन्य structural design documents;

(ग) Mechanical design

(१) Ropeway motion / drive mechanical design calculations / drawings;

(२) Hydraulic / pneumatic design;

(३) Electromechanical design;

(४) Mechanical fastener/bolting /calculation design.

(५) दक्षिणकाली नगरपालिकाको मापदण्ड, नियम अनुसार चाहिने अन्य आवश्यक कागजातहरू ।

उपरोक्त कागजातहरू ठीक देखेमा दक्षिणकाली नगरपालिकाको विद्यमान नियमानुसार नक्शा पास एवं स्वीकृति गरिने छ ।

## परिच्छेद ३
## संचालन अनुमतिपत्रको दरखास्त, आवश्यक कागजपत्र र जारी गर्ने प्रक्रिया

**संचालन अनुमतिपत्रः**

१. **संचालन अनुमतिपत्रको लागि दरखास्तः**

यात्रु रज्जुमार्ग धनीले संचालन अनुमतिपत्र प्राप्त गर्नको लागि सम्पूर्ण कागजातहरुका साथै निर्माण कार्य सम्पन्न भएको पत्र र Inspection Report संलग्न गरी अनुसूची ४ बमोजिमको ढांचामा दक्षिणकाली नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

(क) संचालन निर्देशिका (Manual):

(१) संचालन instructions, procedure / practices; तथा सुरक्षाका व्यवस्थाहरू,

(२) संचालन कर्मचारीलाई आवश्यक तालिमहरु सम्बन्धी निर्देशिका (Manual)

(ख) मरम्मत निर्देशिका (Manual):

(१) मरम्मत instructions, procedure / practices;

(२) Routine inspection programme;

(३) Ownership मरम्मत practice;

(४) संचालन कर्मचारीलाई आवश्यक तालिमहरु ।

(ग) पेश गरिएका सम्पूर्ण कागजात र विवरण पुरा भएको खण्डमा दक्षिणकाली नगरपालिकाले अनुसूची ५ बमोजिमको संचालन अनुमतिपत्र प्रदान गर्नेछ ।

२. **संचालन अनुमतिपत्रको म्यादः**

(क) BOT Lease जस्ता प्रक्रियाबाट केवुलकार संचालन गर्ने भएको अवस्थामा संचालन अनुमतिपत्रको म्याद ३० वर्षको हुनेछ; ३० वर्ष पछि एकपटकको लागि पुनः १० वर्षको लागि म्याद थप गरीने छ ।

(ख) सम्पुर्ण आफ्नै लगानीमा आफ्नै स्वामित्वमा संचालन हुने केवुलकारमा यो म्याद लागु हुनेछ ।

**नयाँ र संचालनमा रहेका रज्जुमार्ग सम्बन्धी व्यवस्थाः**

(१) संचालनमा रहेका यात्रु रज्जुमार्गले प्रतेक ३ (तिन) बर्षमा संचालन अनुमति नवीकरण गर्नु पर्नेछ ।

(२) यात्रु रज्जुमार्ग संचालन गर्ने Operator निर्माता कम्पनीबाट तालिम प्राप्त व्यक्ति हुनु पर्नेछ वा यात्रु रज्जुमार्गमा ६ महिना भन्दा बढी Operator भै काम गरेको अनुभव भएको व्यक्ति हुनु पर्नेछ ।

(३) संचालन अनुमति नवीकरण दस्तुरः

(क) संचालन अनुमति नवीकरण दस्तुर र दक्षिणकाली नगरपालिकाले तोके अनुसार हुनेछ ।

(४) यात्रु रज्जुमार्ग संचालन अनुमति नवीकरणका लागि देहायका कागजात र प्रतिवेदन पेश गर्नु पर्नेछः

(क) यात्रु रज्जुमार्ग संचालन अनुमति नवीकरणका लागि अनुसूची ६ बमोजिमको रीतपूर्वकको दरखास्त;

(ख) यात्रु तथा तेस्रो पक्षको बीमा हुनु पर्नेछ;

(ग) नयाँ यात्रु रज्जुमार्ग निर्माण संचालन पश्चात rope grip / hangar को Non-destructive Test (NDT) प्रतिबेदन प्रत्येक ३ (तिन) बर्षमा नवीकरण गर्दा पेश गर्नु पर्नेछ ।

(घ) यात्रु रज्जुमार्ग संचालन अनुमति नवीकरणको लागि दिएको निवेदन मा कार्यवाहि हुँदा यस कार्यविधि अनुसारको कागजातहरू सञ्चालक कम्पनीले पुरा गरी निवेदन दिएमा यसै कार्यविधिमा उल्लेखित दफा ५ को (ग) मा उल्लेख भएको यात्रु रज्जुमार्ग निर्माण अनुमति जारी गर्नको लागि गठित समितिले सञ्चालन अनुमति नवीकरण गर्न सुरक्षाको दृष्टिकोणले उपयुक्त छ भनि विश्वस्त भएमा पुनः ३ (तिन) वर्षको लागि अनुसूची ७ बमोजिम यत्रु रज्जुमार्ग सञ्चालन अनुमति पत्र सञ्चालक कम्पनीले निवेदन दिएको मिति देखि एक (१) महिना भित्र दक्षिणकाली नगरपालिकाले नवीकरण गरी सक्नु पर्ने छ ।

(ङ) यसरी नवीकरण गर्दा यात्रु रज्जुमार्ग सञ्चालन अनुमतिको म्याद सकिनुभन्दा एक (१) महिना अगाडीनै सञ्चालक कम्पनीले अनुमति नवीकरणको लागि निवेदन दिईसक्नु पर्नेछ ।

(च) सञ्चालक कम्पनीले उल्लेखित एक (१) महिनाको म्याद भित्र पनि यात्रु रज्जुमार्ग संचालन अनुमति नवीकरणको लागि निवेदन नदिई म्याद गुजारेमा म्याद सकिएको तीन (३) महिना सम्म लाग्ने दस्तुरको ५०% थप दस्तुर लिई नवीकरणको लागि दक्षिणकाली नगरपालिकाले प्रकृया अगाडी बढाउनेछ ।

(छ) यसैगरी सञ्चालक कम्पनीले तीन महिना देखि ६ महिना सम्म पनि म्याद गुजारेर नवीकरणको प्रकृया अगाडी नवढाएमा म्याद सकिएको ६ महिना सम्मको लागि १००% थप दस्तुर लिई दक्षिणकाली नगरपालिकाले नवीकरणको लागि प्रकृया अगाडि बढाउने छ। नवीकरणको म्याद सकिएको एक बर्ष सम्म नवीकरण नभएमा लाग्ने दस्तुरको २००% थप दस्तुर लिई दक्षिणकाली नगरपालिकाले नवीकरणको प्रकृया अगाडी बढाउने छ ।

(ज) यदि कुनै सञ्चालक कम्पनीले नवीकरणको म्याद सकिएको एक (१) बर्ष भन्दा बढी अवधि सम्म पनि यात्रु रज्जुमार्ग संचालन अनुमति पत्र नवीकरण नगरेमा यसै कार्यविधिमा उल्लेखित दफा ५ को (ग) मा उल्लेख भएको यात्रु रज्जुमार्ग निर्माण अनुमति जारी गर्नको लागि गठित समितिले सञ्चालक कम्पनीको यात्रु रज्जुमार्ग सञ्चालन अनुमतिपत्र खारेज गर्ने छ ।

**दक्षिणकाली नगरपालिकाले उठाउने शुल्कहरू:**

स्थानीय सरकार संचालन ऐन २०७४, संघीय तथा प्रदेशको कानुनको परिधि भित्र रही दक्षिणकाली नगरपालिकाले केबुलकार शुल्क, सेवा शुल्क, दस्तुर आदि उठाउन सक्ने छ । यदि एक भन्दा बढी नगरपालिकाका भएको खण्डमा र एक भन्दा बढी प्रदेशमा कार्य क्षेत्र पर्ने भएमा दोहोरो शुल्क उठाउन पाउने छैन । संघीय तथा प्रदेश कानुनले तोकेको एउटा शुल्क मात्र उठाउन पाउने छ । यसरी उठाएको शुल्कबाट एक भन्दा बढी सम्बन्धित नगरपालिकाका र एक भन्दा बढी प्रदेशहरूले एकआपसमा कानुन सम्मत हुने गरी बांडफांड गरी लिनु पर्नेछ । साथै लगानीकर्ताहरूलाई

आकर्षण गर्न यस्ता शुल्कहरू दक्षिणकाली नगरपालिकाले तोकिएको अवधिलाई सम्म छुट दिन सक्ने छ ।

१. यात्रु रज्जुमार्ग धनीको दायित्वः

यस कार्यविधिमा उल्लेख भएको यात्रु रज्जुमार्गको अनुमतिपत्र जारी गर्ने वा नवीकरण वा अन्य कुनै कार्य गर्दाको बखत गर्नु पर्ने परिक्षण वा जाँच गर्न लाग्ने सम्पूर्ण खर्चको दयित्व सधैं यात्रु रज्जुमार्ग धनीको हुनेछ ।

## प्राविधिक शब्दहरुको परिभाषा

(१) "घिर्नी (Sheave)" भन्नाले तार बस्ने घाट भएको पांग्र सम्झनुपर्छ ।

(२) "तार (Wire rope)" भन्नाले धेरै पोयाँहरु बाटेर बनेको रज्जुमार्ग संचालन गर्ने स्टीलको (Steel) लट्ठा सम्झनुपर्छ ।

(३) "पिर्स्ता बिसौनी (Return Station)" भन्नाले रज्जुमार्ग संचालन गर्ने स्टीलको (Steel) तार मात्र घुमाउने (haul गर्ने) ठुलो घिर्नी (Sheave) रहेको, तर बिद्युतिय मोटरमा जडान नभएको स्थान सम्झनुपर्छ र साथै यो स्थानलाई यात्रु चड्ने/उत्रने वा सामान लोड/अनलोड हुने बिसौनी (Station) पनि सम्झनुपर्छ ।

(४) "बाइ-केबल प्रणाली Bi-cable system" भन्नाले दुईवटा तार हुने रज्जुमार्ग हो जहाँ fixed stationery cable (Track Cable) मा cabin/carriage को hanger मा रहेको घिर्नीहरु (sheave) गुड्ने र अर्को endless circulating haulage rope लाई विद्युतीय मोटरको साहायताले cabin/carriage दुई स्टेशन बिच ओहोर दोहोर हुने प्रणाली सम्झनुपर्छ ।

(५) "रज्जुमार्ग" भन्नाले सिभिल निर्माण (Civil Construction), मेसिन उप-प्रणालीहरु (Subsystems) र सुरक्षा पार्टपुर्जाहरु (Safety components) डिजाईन, निर्माण, जडान र संचालन गरेर दूई बिसौनी (station) बिच यात्रु ओसार र पसार गर्ने वा सामान लोडर अनलोड गर्ने उदेश्यको यात्रु र सामान रज्जुमार्ग सम्झनुपर्छ ।

(६) “सुरक्षा पार्टपुर्जाहरु Safety component” भन्नाले यात्रु/सामान रज्जुमार्गको मेसिन उप-संरचनाहरु (Subsystem) मा थप हुने (incorporate गर्नु पर्ने) सुरक्षा उपकरणहरु (Safety components) हुन जसको खराबीले यात्रु, संचालन कर्मचारी र तेस्रो पक्षको सुरक्षामा/स्वास्थ्यमा प्रतिकुल असर पुग्न सक्दछ भन्ने सम्झनुपर्छ र सुरक्षा पार्टपुर्जाहरु भन्नाले निम्नलिखित पार्टपुर्जाहरु सम्झनुपर्छ:

(क) Grip खोलेको/बन्द भएको निगरानी राख्ने सर्किट (Grip open/close monitoring circuit);

(ख) तार रहेको position निगरानी राख्ने सर्किट (Rope position monitoring circuit -horizontal and vertical);

(ग) Cabin/carriage बिचको दुरी निगरानी राख्ने सर्किट र anti collision sensor सर्किट (Cabin/carriage spacing monitoring circuit and anti collision sensor circuit);

(घ) तारको तन्काई निगरानी राख्ने सर्किट (Rope tension monitoring circuit);

(ङ) टावर घिर्नी (Sheave) बाट तार झरेको निगरानी राख्ने सर्किट (Tower sheave rope derailment detection monitoring circuit;

(च) हावाको गति निगरानी राख्ने सर्किट (Wind speed monitoring circuit);

(७) “संचालन बिसौनी (Drive station)” भन्नाले रज्जुमार्ग संचालन गर्न आबश्यक बिद्युतिय मोटरमा जडान भएको स्टीलको (Steel) तार घुमाउने (Haul गर्ने) ठुलो घिर्नी (Sheave) रहेको स्थान सम्झनुपर्छ र साथै यो स्थानलाई यात्रु चड्नेरउत्रने वा समान लोड र अनलोड हुने बिसौनी (Station) पनि भन्ने सम्झनुपर्छ ।

(८) “Cabin” भन्नाले यात्रु रज्जुमार्गमा यात्रु बस्न मिल्ने बाक्सा सम्झनुपर्छ ।

(९) “Carrier” भन्नाले सामान रज्जुमार्गमा सामान ढुवानी गर्न side bar हरु रहेको platform सम्झनुपर्छ ।

(१०) “Grip” भन्नाले त्यो च्याप्ने साधन (Device) हो जस्को सहायताले cabin/carriage hangar ले endless circulating haulage rope लाई च्यापेर बस्ने

साधन सम्झनुपर्छ ।

(११) "Hangar" भन्नाले त्यो structural member हो जस्को सहायताले endless circulating haulage rope मा यात्रु बाक्सा (Cabin) वा सामान राख्ने carriage ग्रिपको साहायताले झुण्डिएर रहन सक्ने साधन भन्ने सम्झनुपर्छ ।

(१२) "Jig-back" भन्नाले दुवै तर्फा एक एक cabin/carriage मात्र ओहोर दोहोर गर्ने रज्जुमार्ग सम्झनुपर्छ ।

(१३) "Mechanized bridge" भन्नाले नदी, पहाड बिचको गहिरो भाग आदि स्थान पार गर्न बनेको यात्रु रज्जुमार्ग सम्झनुपर्छ र बिद्युतिय मोटरले चल्ने यस प्रणालीमा दुवै तर्फा रहेको एक एक यात्रु बाक्सा (Cabin) ओहोर दोहोर (Jig-back) गर्दछ भन्ने सम्झनुपर्छ ।

## अनुसूची – २

## यात्रु रज्जुमार्गको लागि निर्माण अनुमतिपत्रको दरखास्त

श्रीमान् प्रमुखज्यु,

दक्षिणकाली नगरपालिका,

फर्पिङ्ग, काठमाडौं ।

महोदय/महोदया,

यात्रु रज्जुमार्ग निर्माण अनुमति प्राप्त गर्नको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन र आवश्यक कागजातहरु संलग्न गरी देहायका विवरणहरुका भरी यो निवेदन पेश गरेको छु ।

१. प्रवर्द्धक कम्पनीको नामः

२. प्रवर्द्धक कम्पनीको ठेगानाः

३. कम्पनी दर्ता नं. र मितिः

४ रजिष्टर्ड कार्यालयः

५ पत्राचार गर्ने ठेगानाः

६ आयोज़ना सम्बन्धी विवरणः

    क) रज्जुमार्गको प्रकारः

    ख) आयोज़ना रहेको स्थानको विवरणः

    ग) भोगोलिक सीमाना (अक्षांश र देशान्तर)

७. माथि उल्लेख भएका विवरणहरु ठिक साँचो छ र फरक पर्न गएमा प्रचलित नियम, कानून बमोजिमको व्यहोर्न तयार छु ।

निवेदकको

सहिः

नामः

ठेगानाः

मितिः

## अनुसूची – ३
## यात्रु रज्जुमार्गको निर्माण अनुमतिपत्र

अनुमतिपत्र क्रमसंख्या:

श्री ...............................................,

................................................

....................................... ।

महोदय/महोदया,

त्यस (कम्पनीको नाम)................................................ले मिति ..................... यात्रु रज्जुमार्ग निर्माण अनुमति पाऊँ भनी दिनु भएको दरखास्तको आधारमा "यात्रु रज्जुमार्ग संचालन अनुमति सम्बन्धी कार्यविधि २०७५" बमोजिम यो निर्माण अनुमतिपत्र प्रदान गरिएको छ ।

१. प्रवर्द्धक कम्पनीको नाम र ठेगाना:

२. आयोज़ना रहेको स्थान:
   भोगोलिक सीमाना (अक्षाश र देशान्तर)

३. निर्माण अनुमतिपत्रकोको अवधि:
   (मिति ....................... देखि ......................... सम्म)

४. अन्य शर्तहरु:

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
सहि:
नाम:
दर्जा:
मिति:

## अनुसूची – ४
## यात्रु रज्जुमार्ग संचालनको लागि अनुमतिपत्रको दरखास्त

श्रीमान् प्रमुखज्यु,
दक्षिणकाली नगरपालिका,
फर्पिङ्ग, काठमाडौं ।

महोदय/महोदया,

यात्रु रज्जुमार्ग संचालनको अनुमति प्राप्त गर्नको लागि देहाएका विवरणहरुका साथ Completion र Inspection Report र अन्य आबश्यक कागजातहरु संलग्न गरी यो निबेदन पेश गरेको छु ।

१. प्रबर्द्धक कम्पनीको नाम::

२. प्रबर्द्धक कम्पनीको ठेगाना:

३. पत्राचार गर्ने ठेगाना:

४. आयोज़ना सम्बन्धी विवरण:

रज्जुमार्गको प्रकार:

आयोज़ना रहेको स्थान:

भोगोलिक सीमाना (अक्षाश र देशान्तर)

५. माथि उल्लेख भएका विवरणहरु ठिक साँचो छ र फरक पर्न गएमा प्रचलित नियम, कानून बमोजिमको व्यहोर्न तयार छु ।

निवेदकको

सहि:

नाम:

ठेगाना:

मिति:

## अनुसूची – ५
## यात्रु रज्जुमार्गको संचालन अनुमतिपत्र

अनुमतिपत्र क्रमसंख्याः

श्री ..............................................,

................................................

....................................... ।

महोदय/महोदया,

त्यस (कम्पनीको नाम) ..................................... ले मिति ................... यात्रु रज्जुमार्ग संचालन अनुमतिपत्र पाऊँ भनी दिनु भएको दरखास्तको आधारमा "यात्रु रज्जुमार्ग संचालन अनुमति सम्बन्धी कार्यविधि, २०७५" बमोजिम यो संचालन अनुमतिपत्र प्रदान गरिएको छ ।

(१) प्रबर्द्धक कम्पनीको नाम र ठेगानाः

(२) संचालन अवधिः

(मिति ...................... देखि मिति ........................ सम्म ।)

(३) आयोज़ना रहेको स्थानः

भोगोलिक सीमाना (अक्षाश र देशान्तर)

(४) अन्य शर्तहरुः

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको

सहिः

नामः

दर्जाः

मितिः

## अनुसूची – ६
## यात्रु रज्जुमार्ग संचालनको अनुमतिपत्रको नवीकरण दरखास्त

श्रीमान् प्रमुखज्यु,
दक्षिणकाली नगरपालिका,
फर्पिङ्ग, काठमाडौं ।

महोदय/महोदया,

यात्रु रज्जुमार्ग संचालनको अनुमति नवीकरण गर्नको लागि देहाएका विवरणहरुका साथ Wire Test / NDT Test/Inspection Report अन्य आबश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. प्रवर्द्धक कम्पनीको नाम::
२. प्रवर्द्धक कम्पनीको ठेगाना:
३. पत्राचार गर्ने ठेगाना:
४. आयोज़ना सम्बन्धी विवरण:
   रज्जुमार्गको प्रकार:
   आयोज़ना रहेको स्थान:
   भोगोलिक सीमाना (अक्षाश र देशान्तर)
५. माथि उल्लेख भएका विवरणहरु ठिक साँचो छ र फरक पर्न गएमा प्रचलित नियम,कानून बमोजिमको व्यहोर्न तयार छु ।

निवेदकको
सहि:
नाम:
ठेगाना:
मिति:

## अनुसूची – ७
## यात्रु रज्जुमार्गको संचालन अनुमतिपत्र को नवीकरण

नवीकरण क्रमसंख्याः

श्री ...............................................,

................................................

........................................ ।

महोदय/महोदया,

त्यस (कम्पनीको नाम) ........................................ ले मिति .................. यात्रु रज्जुमार्ग संचालन अनुमतिपत्रको नवीकरण गरी पाऊँ भनी दिनु भएको दरखास्तको आधारमा "यात्रु रज्जुमार्ग संचालन अनुमति सम्बन्धी कार्यविधि, २०७५" बमोजिम यो संचालन अनुमतिपत्र नवीकरण गरिएको छः

(१) प्रवर्द्धक कम्पनीको नाम र ठेगानाः

(२) नवीकरण अवधिः मिति ................. देखि मिति ................. सम्म ।

(३) आयोज़ना रहेको स्थानः

भोगोलिक सीमाना (अक्षाश र देशान्तर)

(४) अन्य शर्तहरुः

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको

सहिः

नामः

दर्जाः

मितिः

प्रमाणीकरणः २०७५ भदौ २४ गते

मूल्य रू. ३०/-

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत